# गणेश

—हरि राम जोशी

हिन्दू देवी देवताहरूको शृङ्खलामा गणेशको विशिष्ट स्थान रहेको छ । गण देवताको पंक्तिमा यी देवतालाई नलिइए तापनि यिनलाई गणपति भनिएबाट यिनको महानताको पत्तो हुन्छ । यिनी गणहरूका मालिक हुंदा गणेश नामले पूजित रहे । केशव र यिनी एउटै भएको कुरा ब्रह्मवैवर्त पुराणबाट जानिएर पनि यिनको उपर्युक्त नामले सार्थकता जँचिनुको साथै यिनी ब्रह्म स्वरूप रहेका थिए । ऐतरेय १.२१ ले गणपति र ब्रह्मा, ब्रह्मणस्पति अथवा वृहस्पतिको वीच एकता दर्शाएको छ ।(१) गणको नेतृत्व क्षात्र शक्तिको वदला विशेष गरी बुद्धिबाटै मात्र गर्न सकिने हुँदा ब्रह्मणस्पतिलाई गणपतिको संज्ञा दिइएको हो । गणपतिलाई बुद्धिको देवताको रूपमा लिइएबाट पनि उपर्युक्त कुरोको पुष्टि हुन्छ । गणेश र कुमार कार्तिकेय मध्ये को बुद्धिमान भन्ने कुराको जाँच गर्दा गणेशले कुमारलाई हराई बुद्धि र सिद्धिसित विहे गरेको औ कुनै पनि कार्यको शुभारम्भ गरिनु भन्दा पहिले गणेशको पूजा आराधना गरिने वर शिवबाट तिनले प्राप्त गरेको कुरा पुराणहरूमा वर्णित छन् ।(२) तारकासुर सित युद्ध गर्न जांदा गणेशको आराधना गर्न विर्सेको हुँदा विघ्न स्वरूप शिवको पिनाक धनुको ताँडो चुँडेको उपाख्यान स्वस्थानी ग्रन्थमा उल्लेख गरिएबाट(३) पनि उपर्युक्त तर्कको पुष्टि गर्दछ । यी विभिन्न आधारहरूबाट पनि गणपतिको रूपमा गणेशको विशिष्ट देवताको स्वरूप स्पष्टिन्छ । गणका मालिक हुँदा यिनको सर्वप्रथम पूजा गरिनु उपयुक्त पनि लाग्दछ । किनभने गणनायक हुँदा गणेशको आदर सत्कार सवभन्दा पहिले गरी तिनको आज्ञानुसार मात्र अन्य कामहरू गरिनु यथार्थताको सन्निकट भएको बुझिन्छ ।

गणेशको गणपति नामको सर्वप्रथम प्रयोग ऋग्वेदमा भएको छ । त्यसमा उनी बुद्धिका देवता ब्रह्मणस्पति अर्थात् बृहस्पतिको साथै गणहरूका मालिक इन्द्रको अर्थमा वर्णित छन् । (४) ऐतरेय ब्राह्मणमा पनि गणपतिको सोही अर्थमा प्रयोग पाइन्छ । तर, पछि गएर गणपति शिव एवं पार्वती पुत्र भई एक स्वतन्त्र देवताको रूपमा पूजिन लागेको थियो जस्तो छान्दोग्योपनिषद् ३,१८ का घोर अङ्गिरसका चेला ब्राह्मण देवकी पुत्र श्री कृष्ण (५) महाकाव्यकालमा आई एकजना ग्वालाको पुत्र भई विख्यात देवताको रूपमा पुजिएको थियो । ती दुवै देवताहरूमा तिनीहरूका आफ्ना मौलिक गुणहरू सन्निहित थिए । ऋग्वेदमा ब्रह्महरूका स्वामी भई बुद्धि र ज्ञानका देवता हुनुको साथै गणहरूका नायक भएका गणपति पछि पनि बुद्धि र सिद्धि शक्तियुक्त भई गणनायक भएको कुरो शिव महापुराण तथा शिव पुराणबाट जानिनुको साथै गणेशका प्रहरण पुस्तक तथा कलम पनि भएको कुरा प्रतिमा शास्त्रीय लक्षणबाट विदित भई उपर्युक्त कुरोको पुष्टि हुन्छ । त्यस्तै छन्दोग्योपनिषद्मा श्री कृष्णको शिक्षा र महाभारतमा श्री कृष्णद्वारा दिइएका भगवद्गीताको उपदेशामृतमा साम्यता पाइएको छ (६) जसले पनि उपर्युक्त कुरोकै पुष्टि हुन्छ ।

वैदिक कालको बाद पौराणिक कालमा आई गणेशको महत्त्वको अभिवृद्धि हुन लागेको थियो । पौराणिक साहित्यहरूमा गणेशको उत्पत्तिबारे विभिन्न प्रकारका उपाख्यानहरू वर्णित छन् । ती उपाख्यानहरू अनुसार विघ्नहरूको विनष्ट गर्नको लागि महादेव पार्वती अथवा पार्वती अथवा शिवबाटै मात्र गणेशको उद्भूत भएको थियो । लिङ्ग पुराण अनुसार देवताहरूको अनुरोध पूर्तिको लागि शिवको अंशबाट निस्केको एक सुन्दर युवक पार्वतीको गर्भमा प्रविष्ट भई पछि गणेशको जन्म भएको थियो । शिवले तिनलाई विघ्नेश्वर भन्ने नाम राखी दुष्ट जनहरूको उन्नतिमा विघ्न डाली सुजनहरूको सत्कार्यमा सहयोग पुऱ्याउने कार्य सुम्पेका थिए ।(७) वराह पुराणले यस विषयमा भिन्नै उपाख्यान प्रस्तुत गरेको छ । देवताहरूको अनुरोधमा शिवले आफ्नो आकाशिक अंशबाट एक सुन्दर युवकको सिर्जना गरेका थिए । शिवको यस सिर्जनामा पार्वतीको कुनै हाथ थिएन जसको कारण रूष्ट भएर तिनले त्यस युवकको सुन्दरतालाई डाह गर्नुको साथै तिनलाई लम्बोदर भएर गजमुखयुक्त असुन्दर युवक होस् भनी श्राप दिएकी थिइन् । फलतः सो युवक गजमुखी हुन गए । शिवले तिनलाई गणेश, विनायक तथा विघ्न राजको संज्ञा दिए । तिनी विनायक तथा गणका नायक भए । सफलता तथा असफलता भनेको यिनकै प्रसादमा निर्भर हुने भयो । देवताहरूमाथि यिनको असाधारण प्रभाव स्थापित भई कुनै पनि याज्ञिक आदि कार्यहरूमा तिनको पूजा उपासना अनिवार्य गरियो । कुनै पनि कार्य गर्दा तिनलाई सर्वप्रथम पूजा नगरी गरेको कार्य असफल हुने हुन्छ ।(८) गणेशको महत्ता यसबाट पनि प्रकटित हुन्छ कि अन्य सम्प्रदायहरू यथा वैष्णव आदि सित सम्बन्धित अभिलेखहरूको आरम्भ पनि ॐ गणपतये नमः बाट प्रारम्भ गरिएका छन् । आरम्भका श्लोकहरूमा गणपतिको प्रार्थना पाइन्छ जबकि त्यस अभिलेखको मुख्य विषय विष्णु मन्दिरको दान सित सम्बन्धित छ । मत्स्य पुराण अनुसार गणपतिको आकृतिको निर्माण हात्तिको टाउको द्वारा गरिएको थियो (९) स्कन्द पुराणले एक भिन्नै उपाख्यानलाई प्रस्तुत गरेको छ जस अनुसार दुष्टहरूलाई विनष्ट गर्नको लागि देवताहरूबाट अनुरोध गरिदा पार्वतीले शिवको सहयोग विनानै चार हात भएको गजमुख गणपतिको सृष्टि गरेकी थिइन् । (१०) शिब पुराणबाट पनि गणेशको उद्‌भव पार्वतीबाटै मात्र भएको जानिन्छ । तर, त्यसमा पार्वतीले तिनको सृष्टि आफ्नो एक नीजि सेवकको रूपमा गरेको कुरा वर्णित छ । पछि महादेवले अज्ञानवश तिनको शीरलाई त्रिशूलद्वारा छुटयाइएको हुंदा सेतो हात्तीको एक शीर ल्याई पुनः त्यसमा जोडेर तिनलाई जीवित गराइ दिएका थिए(११), जसरी वीरभद्रले मारिई सकेका दक्ष प्रजापतिलाई बोकाको टाउको जोडी फेरि बचाई दिएका थिए । बोकाको टाउको भएको दक्ष प्रजापतिको एक मूर्ति भारतमा प्रतिष्ठापित छ । (१२) ब्रह्मवैवर्त पुराण अनुसार गणेश र कृष्ण एउटै रहेको छ । पछि शनिद्वारा गणेशको शीर काट्टिएकोले सो शीर उच्छिट्टिएर गोलोकमा गएको औ गणेशलाई हात्तिको शीर राखी पुनः बचाएको कुरा उक्त पुराणमा वर्णित छ ।(१३) सुप्रभेदागम ग्रन्थ अनुसार गणेशको जन्म शिव र पार्वतीले गज औ गजाको रूपलिई जङ्गलमा विचरण गर्न लागेको समय भएको हो ।(१४) शिवले जङ्गली प्राणीहरूको रूप लिई विचरण गरेका उपाख्यानहरू पुराणहरूमा वर्णित छन् । शिवले मृग एवं राजहंशको रूप लिई विचरण गरेका उपाख्यान नेपाल महात्म्य र स्वस्थानीमा वर्णित छ । (१५) पार्वतीले वृषरूप शिवसित संभोग गरेको कुरा शिवको नन्दिशानुग्रह मूर्तिको उपाख्यानले स्पष्ट इङ्गित गरेको छ ।(१६)

गणेशको गणपति, एकदन्त, हेरम्ब, लम्बोदर, गुहाग्रज, गजानन आदि अनेकौं नामहरू छन् । ती नामहरूमध्ये केहीका अर्थ विवेचन ब्रह्मवैवर्त पुराणले गरेको छ जुन यस प्रकार छन्(१)– गणपति नाम भाग बुद्धिको अर्थमा, ण मोक्षको अर्थमा औ पति मालिकको अर्थमा प्रयुक्त छन् । यसरी गणपति शब्दले ज्ञान मुक्तिका प्रदाताको अर्थ बुझाएको स्पष्ट छ । एकदन्तमा एक एउटै परब्रह्मको अर्थमा औ दन्त बलको अर्थमा प्रयुक्त छ । यसरी एकदन्त शब्दले सर्वशक्ति मान परब्रह्मलाई बुझाएको छ । हेरम्ब नाममा हे निर्बलको अर्थमा औ रम्बले कुनै किसिमको खराबी हुनुबाट रक्षा गर्ने भन्ने अर्थमा प्रयुक्त भएको छ । यसरी हेरम्ब नामले निर्बलको रक्षक भन्ने अर्थ बुझाउँछ । विष्णु र शिवले दिएका रोटीहरू धेरै

खाएकोले पेट ज्यादै फुलेको हुँदा लम्वोदर नाम हुन गएको हो । गजाननका यताउता हल्लिरहने कान भक्त जनका वाधाहरूलाई हटाउनेको प्रतीक रूपमा रही बुद्धिलाई इङ्गित गर्ने पनि छन् । गुह अर्थात् कार्तिकेय भन्दा पहिले जन्मेको हुँदा गुहाग्रज भनिएको हो । भक्तहरूलाई शुभ कार्यको मार्गमा अग्रसर गराउने हुँदा गणेशको एक नाम विनायक भएको हो भन्ने भविष्यत् पुराणको कथन छ ।(१८) वामन पुराणमा विनायक नामको अर्कै किसिमले व्याख्या गरिएको छ । त्यस पुराण अनुसार नायक विना जन्मेको हुँदा तिनलाई विनायक भनिएको हो ।(१९)

गणेशका विभिन्न नामहरूको अर्थ विवेचनका आकृतिलाई लिएर पनि अर्थहरू केलाउन सकिन्छ । लामो शूंड तथा ठूलो कानले गणका मालिकमा टाढाटाढा सम्मका कुरोहरू सुँध्न औ सुन्न सकिने गुण हुनु आवश्यक छ भन्ने दर्शाएका हुन् । ठूलो कपालले भाग्यमानी औ चिन्तनशील दिमागयुक्त भन्ने अर्थलाई बुझाउँछ । शरीरलाई नै अमिल्दो हुने गरी दुइटा साना-साना आँखाहरू भएकोको हकमा गणका मालिक अर्थात् राजाका मन्त्रिहरू स्वरूप सहस्रनेत्रहरू हुने औ ती मन्त्रीहरू सितको मन्त्रणाविना गणका मालिकले कुनै कार्य गर्न नहुने विधान हुंदा ठूला–ठुला नेत्रहरूको आवश्यकता नभएको देखिन्छ । । कौटिल्य अर्थशास्त्र अधि. १ अ. १५ मा यस कुरोको स्पष्ट फल्को भेटिन्छ ।(२०) गजानन गणपतिका वाहन स्वरूप छुचुन्द्रो भएकोको हकमा गणका मालिक छिटो छरितो हुनुको साथै कतै स्थानमा पनि प्रवेश गर्न सक्ने हुनुको अतिरिक्त कुनै पनि विघ्नलाई तोडेर आफ्नो पथलाई सुगम गराउन सक्ने भन्ने कुरा दर्शाउने मनशाय राखेको स्पष्ट छ । गणपतिको भित्रको साथै बाहिर देखिने दन्त हुनुले शासकका बाहिरको गतिविधि तिनको भित्री मनशायलाई अभिव्यक्त नगर्ने यथार्थतालाई बोध गराउने छ ।

पौराणिक ग्रन्थहरूको साथै महाकाव्य, गृह्यसूत्र तथा याज्ञवल्क्य संहिता आदि ग्रन्थहरूबाट पनी गणेशको बारे धेरै कुरो थाहा पाउन सकिन्छ । महाभारतमा गणपति अथवा गणेश्वरहरू तथा विनायकहरू झुण्डको रूपमा देखिन्छन् । तर, गृह्यसूत्रहरूको समय तिनीहरूको संख्या घट्न लागिसकेका थिए । यही नै यकीकरणको पद्धतिले अनेकौं रूद्रहरूलाई एउटै रुद्रमा सम्मिलित गराए जस्तै एउटै गाणपत्य सम्प्रदायको विकासमा टेवा पुर्याएको थियो ।(२१) मानव गृह्यसूत्रमा गणेश सम्प्रदायको आभास देखिसकेको थियो जुन उत्तर प्राचीनकालमा आई राम्ररी प्रस्फूटित भयो । (२२) भण्डारकरले पनि गाणपत्य सम्प्रदायको उत्पत्ति पाँचौं देखि आठौं शताब्दी ई. को बीच कुनै समय भएको कुरालाई स्वीकारेको छ ।(२३) याज्ञवल्क्य संहितामा गणेशका विभिन्न नामहरूको वर्णन गरिएका छन् ।(२४) वृहत्संहितामा पनि कष्टदाई गण तथा विनायकहरूको वारे जानकारी पाइन्छ ।(२५) पछि गएर गणेश एक अलग व्यक्तित्वयुक्त रूपमा परिणत भई रूद्रगणका नायक भएका थिए । यसरी शिवको साथै तिनका पुत्र पनि दुवैजना गणेशको नामले पूजित रहे ।

साहित्यिक सामग्रीहरूको अतिरिक्त पुरातात्त्विक आधारबाट पनि गणेशको प्राचीनताको पत्तो हुन्छ । कुषाण सम्राट हुविकको एक प्रकारको मुद्रामा धनुषवाण धारण गरेका मनुष्याकृतिको हिन्दु देवमूर्ति उत्कीर्ण गरिनुको साथै ब्राह्मी लिपिमा गणेश शब्द कुँदिएको छ ।(२६) सम्भवतः प्रस्तुत मुद्रामा उत्कीर्ण गणेश शब्दले शिव पुत्र गणेशलाई बुझाउनुको बदला स्वयं शिवलाई बुझाएको अनुमान हुन्छ । शिवको एक नाम गणेश भएको कुरा रामायण छैठौं काण्डको अध्ययनमा स्पष्टतः जानिनुको (२७) साथै प्रतिभा शास्त्रीय लक्षणमा शिवको एक प्रकारको मूर्तिमा शिवको आयुधस्वरुप धनुषवाण हुने कुरा देखिएबाट पनि उपर्युक्त गणेश अभिलेख शिवको नामस्वरूप भएको स्पष्ट हुन्छ ।(२८) शिव–पार्वती पुत्रलाई गणेश भनिनुको साथै स्वयं शिवलाई पनि गणेश, विनायक भनिने कुरा उपर्युक्त रामायणको साथै अथर्वशिरस उपनिषदको अध्ययनमा(२९) स्पष्टतः जानिन्छ ।

कुमारास्वामीले गणेशलाई एक प्रकारको यक्ष मानेको छ ।(३०) डा. वाशुदेव सरण अग्रवालको अनुसार गणेशका प्रारम्भिक मूर्तिहरू यक्ष रूपमै निर्मित छन् । यक्ष रूपमा गजानन यक्षको प्राचीन अंकन अमरावतीमा देख्न सकिन्छ । त्यस मूर्तिमा गजानन गणेशको सम्पूर्ण शरीर मनुष्याकार छ । तर, गजानन आकृति शूँड र हस्ति दन्तले रहित छन् । विद्वान्‌हरूको अनुसार सो मूर्ति

गणेश मूर्तिको पूर्व रूप हो ।(३२) श्री लंकाको मिहिनतले स्तूपबाट प्राप्त एक दोश्रो मूर्तिमा गणेशका दुवै पार्श्वमा उपासक रूपमा गणहरूलाई आमूर्तित गरिएका छन् । गणेश शुँड र हस्तिदन्तले युक्त छन् । पर्णम्वतानको अनुसार यस मूर्तिले भविष्यका गणेश मूर्तिहरूको लागि दिशा प्रस्तुत गरेका थिए ।(३३) वाह्य रूपले हेर्दा यो अनुमान हुन्छ कि गणेशको निरूपणमा कलाकारहरूले यक्ष र नागहरूका भारी भरकम स्वरूपलाई स्वीकार गरेका थिए । गणेशका केही विशेषताहरू शिवका स्वरूपबाट पनि ग्रहण गरिएका थिए । गेट्टी गणेशको स्वरूपमा शिवका भैरव रूपको प्रभाव प्रतिपादित गरिएको स्पष्ट छन् (३४) ।

गुप्तकालको प्रारम्भिक समयदेखि गणेशका मूर्तिहरूको अत्यधिक मात्रामा निर्माण हुन लागेको थियो । त्यस समयका गणेश मूर्तिहरू विशेषतः तीन प्रकारका मुद्रामा देख्न सकिन्छ–स्थानक अर्थात् उभिरहेको, आसीन अर्थात् बसेको औ नृत्य अर्थात् नाचिरहेको (३५) । गणेशको प्राचीनतम मध्येको स्थानक मुद्रामा रहेको एक नग्न मूर्ति मथुरामा पाइएको छ ।(३६) गणेशको अर्को एक मृण्मय मूर्ति भीतर गाँवमा पाइएको छ । त्यस मूर्तिमा गजाननलाई उडिराखेको गणको रूपमा अंकित गरिएको छ जसका शुँडले संगैको बायाँ हातका मोदक पात्रलाई स्पर्श गरिरहेको छ । प्रतिमाको ठीक वगलमा एक उड्डीयमान मनुष्याकृति छ जसलाई विद्वानहरूले कार्तिकेयको अंकन मानेका छन् ।(३७) उपर्युक्त दुवै मूर्ति अनुमानित द्वितीय, तृतीय शताब्दी ई.का हुन् । छैठौं शताब्दी ई. का आसन मुद्रामा रहेका दुई ओटा गणेश मूर्तिहरू भुमरामा पाइएका छन् । ती दुई मूर्तिहरूमध्ये एउटा द्विभुजा औ अर्को चतुर्भुजाका छन् । द्विभुजा गणेश प्रतिमाको विशेषता नाग यज्ञोपवितको साटो घंट यज्ञोपवितको प्रदर्शन गरिएकोमा छ ।(३८) उदयगिरिको गुफा नं. छ बाट पनि द्विभुजा गणेशको एक आसीन नग्न मूर्ति प्राप्त भएको छ । (३९) पहाड़पुरमा पनि गणेशका अनेकौं प्राचीन मूर्तिहरू पाइएका छन् ।(४०) चारौं, पाँचौं तथा सातौं, आठौं शताब्दी ई. का गणेशका मूर्तिहरू मध्य प्रदेशस्थित मल्हारमा पाइएका छन् ।(४१) दक्षिण भारतस्थित वेंगीमा तेस्रो, चौथो शताब्दी ई. को द्विभुजा गणेशको एक मूर्ति पाइएको छ (४२) पल्लव कालीन गणेशको एक मूर्तिमा द्विभुज गणेशलाई कमलासीन देखाइएको छ औ परिचरमा अन्य देवी देवताहरूलाई पनि चित्रित गरिएका छन् । (४३) गुंटुर जिल्लास्थित मुड्गुलबाट प्राप्त मूर्तिमा द्विभुज गणेशलाई शिव परिवार संगै अंकित गरिएको छ । (४४) तेङ्कासीस्थित विश्वनाथ स्वामिन मन्दिरको दशभुजा लक्ष्मी गणपतिको शिलामूर्ति पन्ध्रौं शताब्दी ई. को छ । त्यस मूर्तिले चक्र, शंख, शूल, परशु, दन्त तथा पाश, समाति राखेको छ । शुंडले कलश समातेको छ ·(४५) कुम्भकोणमको नागेश्वरस्वामिन मन्दिरस्थित उच्छिष्ट गणपतिका चारहात मध्ये तीनले परशु, पाश तथा मोदक समातिराखेका छन् औ चारौं हातले देवीलाई अंगालो मारिराखेको छ । त्यस मूर्तिको शुंडले देवीको गुह्य भागमा स्पर्श गरिराखेको छ । वायाँ हातले पुष्प समातिराखेकी देवीका दायाँ हातले गणेशका गुह्य भागमा स्पर्श गरिराखेकी छिन् । (४६) नञ्जङ्गोडुस्थित उच्छिष्ट गणपतिका हातहरूले अंकुश, पाश, धनुष तथा वाण समातिराखेका छन् ।(४७) नेगपटमस्थित हेरम्ब गणपतिका काँसको मूर्ति १५ औं शताब्दी ई. को छ ।(४८) तञ्जोर जिल्लास्थित पट्टिश्वरमको शिव मन्दिरका प्रसन्न गणपति बाह्रौं, तेह्रौं शताब्दी इ. को छ ।(४९) हलेविडुस्थित होयसलेश्वर मन्दिरको नृत्य गणपति बाह्रौं शताब्दी ई. को छ ।(५०)

अनुमानित छैठौं शताब्दी ई. को काठमाडू यङ्गालहिटी स्थित मारगण उत्कीर्ण एक शिलामूर्तिमा मारगणको रूपमा कुंदिएको हात्तिको शीर युक्त मनुष्याकृतिलाई गणेशको आकृतिको रूपमा मान्नेहरू पनि छन्, जुन युक्ति युक्त जस्तो लाग्दैन । बुद्ध चरितम महाकाव्यमा मार भनिने कामदेव एवं तिनका विभिन्न आकृति–सुंगुर, वाघ, भालु, हात्ति आदिका गणहरूले भगवान बुद्धको तपलाई भङ्ग गराउने उद्देश्य लिई आक्रमण गरेको कुरा वर्णन गरिएको छ ।(५१) तर, त्यस ग्रन्थमा हात्तिको मुख भएका भनेर उल्लेख गरेर पनि गणेश भनी कतै उल्लेख गरेको छैन । जसले उक्त हात्तिको आकृतियुक्त प्राणि शिव–पार्वती पुत्र गणेश होइन भन्ने कुरा निश्चित छ । फेरि, कामदेवलाई दहन गर्ने शिव हुंदा तिनका पुत्ररत्न स्वरूप भएका गणेश कामदेवकै गणमा भए होलान् भनी मान्न गाह्रो पर्दछ । यसको साथै गणदेवता नभएतापनि गणपति भई गणनायक

गणेश मारगणको सदस्य भएको कुरा स्वीकार्य लाग्दैन । यी आधारहरूबाट उपर्युक्त हात्तिको शीरयुक्त मनुष्याकृति शिव पुत्र गणेश नभएको कुरा सिद्ध हुन्छ । अनुमानित नवौं शताब्दी ई. को गणेशको एक आसीन मूर्ति ल. पु. कोटलाछें स्थित छत्रशैलीको मन्दिरमा प्रतिष्ठापित छ । त्यसै समयतिरको अर्को एक गणेश मूर्ति पशुपतिनाथको पश्चिम ढोका समीपस्थ प्रतिष्ठापन गरिएको छ । अनुमानित नवौं शताब्दी ई. को ल. पु. गावहालस्थित एक अभिलेखमा गणदेवको उल्लेख पाइन्छ । यी उदाहरणहरूको साथै शिव परिवारका मूर्तिहरूमा पनि गणेशका आकृतिहरू स्थानक, आसीन तथा नृत्य मुद्राहरूमा उत्कीर्ण गरिएको पाइएका छन् । राज राजेश्वरी घाटस्थित उत्तर प्राचीन कालीन एक शिव परिवार मूर्तिमा उत्कीर्ण गणहरूको बीच गणेशको आकृति कुंदिएको छ । आठौं, नवौं शताब्दी ई. को एक शिव परिवार मूर्तिमा उमामहेश्वर मूर्तिको तलतिर अन्य विभिन्न नर्तन तथा गायनमा रत गणहरूको बीच आफ्ना वाहन छुचुन्द्रो माथि नृत्य मुद्रामा अवस्थित गणेशको आकृति उत्कीर्ण छ ।(५२) नेपाल संवत् १०८ तथा १३२ का ल. पु. धायँबु तथा ल. पु. त्यागल गँचाननीका शिव परिवार मूर्तिहरूमा पनि गणेशका आकृतिहरू कुंदिएका छन् । नेपाल संवत् २९४ मा लिखित पिङ्गलमतम नामक हस्तलिखित ग्रन्थको गातामा मूषिक माथि आसीन चतुर्बाहुयुक्त गणेशको आकृति चित्रित गरिएको छ ।(५३) काठमाण्डू ह्मयूपिमा अनुमानित १५ औं शताब्दी ई. को एक गणेशको मूर्ति प्रतिष्ठापित छ जसका विभिन्न प्रहरणहरूमध्ये एक खड्ग पनि छ । गणेशको मूर्ति स्थापन गरिएको उपलक्ष्यमा राखेका दुईओटा मध्यकालीन अभिलेखहरू नेपालमा पाइएका छन् । ती दुई अभिलेखहरू मध्ये एक ल. पु चिकंवहिलमा प्रतिष्ठापित छ जुन नेपाल संवत् ५३६ को हो औ जसमा गणेशको स्तुति गरिएको छ । सांगाको गणेशको पादपीठमा नेपाल संवत् ५७३ को लेख उत्कीर्ण छ । ल. पु. मङ्गल बजारस्थित मूछें भागममा पनि आसीन मुद्रामा अवस्थित एक गणेशको मूर्ति प्रतिष्ठापित छ जुन नेपाल संवत् ५५८ को थियो । त्यस मूर्तिको पाठपीठमा उपर्युक्त संवत्को अभिलेख पनि कुंदिएको छ । मङ्गल वजारमै अर्को एक नृत्य मुद्रामा रहेको भव्य गणेशको मूर्ति मन्दिरभित्र प्रतिष्ठापित छ जुन अनुमानतः १७ औं शताब्दी ई. को छ । १७ औं शताब्दी कै एक गणेशको मन्दिर ल. पु. चपटमा निर्मित छ । त्यस मन्दिरमा प्रतिष्ठापित गणेश वेतालमाथि आसीन छ । वेतालमाथि आसीन गणेश मूर्तिको प्राप्तिले गणेश नामको सार्थकतालाई दर्शाउनुको साथै गणका मालिकको अस्तित्व तिनका गणमैं आधारित हुने कुरालाई स्पष्टचाएको छ । तिनका गणनै तिनको आसन स्वरूप छन् । आसन भनि स्थिर औ हल्लिनुमैं गणनायकको भविष्य आधारित हुन्छन् ।

प्रतिमा शास्त्रीय ग्रन्थहरूको अनुसार गणेश प्रतिमाका विशेषताहरू मुख्यरूपले निम्न लिन सकिन्छ । गणेश आकृति विशेषतः आसीन औ स्थानक मुद्रामा हुन्छन् । पद्म, छुचुन्द्रो, सिंह, नाग तथा वेताल आदि माथि गणेश वस्ने हुन्छन् । स्थानक गणेश द्विभङ्ग अथवा त्रिभङ्ग मुद्रामा हुनु पर्दछ । स्थानक गणेश समभङ्ग मुद्रामा पनि हुन सकिन्छ । आसीन गणेश मूर्तिका बायाँ खुट्टा पत्याएर आसनमा राखेको औ दायाँखुट्टा पत्याएर वायां जांघमाथि राखेको हुन्छ । गणेशका पेट ज्यादै फुलेको हुँदा दुवै खुट्टा एक दोश्रोमाथि पत्याएर राख्नुको वदला अधिकांश मूर्तिहरूमा दायाँ खुट्टा लम्वमान तरिकाले आसनमाथि राखेका हुन्छन् । गणेशका शुंड दायाँ अथवा बायाँतिर घुमाइएको हुन्छ । गणेशका शुंड अक्सर बायाँतिर घुमाइएको हुन्छ । एकाध मूर्तिहरूमा मात्र गणेशको शुंड दायाँतिर घुमाइएको हुन्छ । गणेशका अधिकांश मूर्तिहरूमा दुईओटा आँखामात्र हुन्छन् । गणेशका कुनै खास स्वरूपहरूमा त्रिनेत्र हुने कुरा आगम ग्रन्थहरूले दर्शाएका छन् । गणेशका विशेष गरी दुई, चार, छ, आठ, दश तथा सोह्र सम्म हात हुने कुरा वर्णित छन् । गणेशको पेट ज्यादै विशाल हुन्छ । छातीमा यज्ञोपवितको रूपमा सर्प राखिएको हुन्छ औ अर्को एक सर्प पेटमा बाँधिराखेको हुन्छ ।

गणेश मूर्तिका अनेकौं स्वरूपहरू पाइएका छन् जसमध्ये मुख्यतया निम्न छन्(५४)–

१. बाल गणपति– अरूणोदयको जस्तो वर्णयुक्त यी गणेश बालकको जस्तो आकृतिका छन् । हात्तिको शीरयुक्त यिनका चतुर्बाहुले आँप, केरा, कटहल तथा उखु समातेका हुन्छन् । यिनका शुंडले कपित्थ समातेको हुन्छ ।

२. तरुण गणपति– रक्तवर्ण युक्त तरूणाकृतिका यी गणपतिले पाश, अंकुश कल्था, जम्बुफल, तीलको बोट तथा बाँसको लठ्ठी समातिराखेका हुन्छन् ।

३. भक्ति विघ्नेश्वर–शारदी चन्द्रमा जस्तो श्वेत वर्णका यी गणपतिका चार हातले आँप उखुको ठुप्पा, पायसको पात्र, नरिवल गोला समातेका हुन्छन् ।

४. वीर विघ्नेश– रक्तवर्णको षोडस भुजायुक्त यी गणेशले वेताल, शाक्त्यायुध, धनुषवाण, तरवार, ढाल, मुद्गल, गदा, अंकुश, पाश, शूल, कुन्द, परशु, ध्वज समातेको हुन्छ ।

५. हेरम्ब गणपति– सुवर्ण वर्णका सिंहासीन यी गणेशका गजमुख पाँच शीर हुन्छन् । जसमध्ये चार ओटा शीरले चार दिशामा हेरिरहेका औ पाचौं चाहिं तिनीहरूका माथि रही माथितिर हेरिराखेको हुन्छ । यिनका हातहरूले पाश, दन्त, अक्षमाला, परशु, तीन शीर भएको मुद्गर तथा मोदक समातिराखेका हुन्छन् । अरू दुई हातहरू अभय तथा वरद मुद्रामा हुन्छन् ।

६. ध्वज गणपति– भयानक डर लाग्दो आकृतिका यी चतुर्वाहु गणेशले पुस्तक, अक्षमाला, दण्ड तथा कमण्डलु समातिराखेको हुन्छ ।

७. उन्मत्त उच्छिष्ट गणपति– पद्मासनासीन रक्तवर्ण का यी गणेशका त्रिनेत्र हुन्छन् । यी गणेश कामुक देखिने हुन्छ । यिनका चतुर्वाहुले पाश, अंकुश, मोदक पात्र तथा दन्त समातेका हुन्छन् ।

८. विघ्नराज गणपति– छुचुन्द्रो माथि आसीन यी गणेश गाढा रातो सौर वर्णका छन् । यिनले पाश, तथा अंकुश समात्नुको साथै आँप खाइराखेको हुन्छ ।

९. भुवनेश गणपति–श्वेत वर्ण, अष्ट भुजा यी गणेशले शंख, उखु निर्मित धनुष, पुष्पवान, भाँचेको दाह्रा (दन्त), पाश, अंकुश तथा बोट सहितका धान समात्ने हुन्छन् । कामदेवका प्रहरण स्वरूपरहेका उखु निर्मित धनुष तथा पुष्पवान धारण गर्ने हुँदा यी गणेशले खास विशेषता राखेको कुरा परिलक्षित हुन्छ ।

१०. हरिद्रा गणपति (रात्रि गणपति)–चतुर्वाहुयुक्त त्रिनेत्रधारी यी गणेश बेसार (हरिद्रा) वर्णका हुनुको साथै पीत वस्त्र लाउने हुन्छन् । यिनका चार हातहरूमा पाश, अंकुश, मोदक तथा दन्त हुन्छन् ।

११. भालचन्द्र गणपति– ब्रह्माण्ड पुराण अनुसार श्रापको कारण चन्द्रमाको प्रकाश क्षीण हुन लागेको हुँदा तिनको रक्षाको लागि गणेशले चन्द्रमालाई आफ्नो भालमा तिलकको रूपमा लगाएका थिए । यसैले भालमा चन्द्रयुक्त गणेशलाई भालचन्द्र गणपति भनिन्छ ।

१२. सूर्पकर्न गणपति– ऋषिहरूद्वारा श्राप दिई दा अग्नि निभ्न लागेको हुँदा करूणावश गणेशले आफ्ना कानले हम्काई निभ्न लागेको अग्निलाई पुनः जीवनदान दिएको हुँदा तिनको उपर्युक्त नाम हुन गएको हो ।

१३. प्रसन्न गणपति– पद्मासनमा स्थानक मुद्रामा रहेका अरूणोदयका सूर्य जस्तो रातो वर्णका यी गणेश सोझो भई सिधा उभिरहेका अथवा शरीरका केही भागहरू मोडमाड गरी उभिराखेका हुन्छन् । कुनै ग्रन्थमा यो मूर्ति अभङ्ग मुद्रामा औ कुनैमा समभङ्ग मुद्रामा हुने कुरा वर्णित छन् । यी देवताले रातो पोशाक लाएका हुन्छन् । चतुर्भुजायुक्त यी देवताका एक हातले अंकुश तथा अर्कोले पाश समाति राखेका हुन्छन् । बाँकी दुई हात अभय तथा वरद मुद्रामा हुन्छन् अथवा तिनीहरूले दन्त तथा मोदक समातिराखेका हुन्छन् ।

१४. वृत्त गणपति–अष्ट अथवा चतुर्भुजायुक्त यी गणेश नृत्त मुद्रामा हुन्छन् । यिनका आठ हात मध्ये सातले पाश, अंकुश, रोटी कुठार, दन्त, वलय तथा अङ्गुलिय समातिराखेका हुन्छन् औ बाँकी एक हात खुल्ला आकाशमा हुन्छन् । सुवर्ण वर्णका यी गणेशका बायाँ खुट्टा केही मोडेर (झुकाई) पद्मासनमा राखेका हुन्छन् । औ दायाँ खुट्टा पनि केही मोडेर हावामा अड्याइएको हुन्छ ।

१५. एकदन्त गणपति– ब्रह्माण्ड पुराणमा वर्णित उपाख्यान अनुसार परशुरामद्वारा यी गणेशका बायाँ दाँत भाँचिएको हुँदा यिनी एकदन्त हुन गएको हो । तर, प्रस्तुत उपाख्यानमा वर्णित वर्णनको विपरित यिनका अधिकांश मूर्तिहरूमा दायाँ दाँत देखिदैनन् ।



पाटन ढोका समीपस्थ मन्दिरभित्र प्रतिष्ठापित गणेश



ललितपुर वादेफल टोल स्थित एक चोक भित्र प्रतिष्ठापित गणेश



मङ्गल बजार मूर्छे आगम स्थित गणेश

१६. शक्ति गणपति– यस किसिमका गणेशको अन्तर्गत लक्ष्मी गणपति, उच्छिष्ट गणपति, महागणपति, ऊर्ध्व गणपति तथा पिङ्गल गणपतिहरू पर्दछन्–

(क) लक्ष्मी गणपति– अघोर शिवाचार्य लिखित क्रियाक्रमो द्योति ग्रन्थमा यी गणपतिका प्रतिमा लक्षण यसरी दिइएको छ– श्वेत वर्णका यी गणेश अष्टभुजायुक्त छन् । यिनका हातहरूले सुगा, अनार, पद्म, अंकुश, पाश, कल्पकलता, वाण नामक बोटको कली (अंकुर) तथा लाल मणियुक्त सुवर्ण कलश समाति राखेका हुन्छन् । यिनका शुंडबाट पानी वगिराखेको हुन्छ । उपर्युक्त ग्रन्थमा वर्णित वर्णनको विपरित मन्त्रमहोदधि ग्रन्थमा यो गणपतिका प्रतिमा लक्षण यसरी दिइएको छ– चतुर्भुज त्रिनेत्रधारी सुवर्ण वर्णका यी गणपतिले चक्र तथा दन्त समातिराखेका हुन्छन् । एक हात अभय मुद्रामा हुन्छ । लक्ष्मीका एक हातले गणेशलाई अंगालो मारिराखेका हुन्छन् औ दोश्रोमा पद्म हुन्छ ।

(ख) उच्छिष्ट गणपति– क्रियाक्रमो द्योति ग्रन्थ अनुसार चतुर्भुजा यी गणपतिले कमल, वीणा, अक्षमाला, तथा अनार समातेका हुन्छन् । मन्त्रमहोदधि ग्रन्थ अनुसार रातो–रातो रंगका यी गणपति पद्मासनमा अवस्थित रही आफ्नी शक्ति स्वरूपा नग्नदेवी सित कामुत्सुक ढाँचामा वसेका हुन्छन् । उत्तरकामिकागम ग्रन्थले यी गणपतिको बारे विस्तृत रूपमा वर्णन गरेको छ । प्रस्तुत ग्रन्थ अनुसार त्रिनेत्रधारी कृष्ण वर्णका चतुर्वाहु यी गणेश आसीन मुद्रामा हुन्छन् । यिनका शीरमा रत्नमकुट पहिरेको हुन्छ । यिनका हातहरूले पाश, अंकुश तथा उखु समातिराखेका हुन्छन् औ बाँकी एक हातले काखमा वसेकी नग्नदेवीको गुह्य भागमा स्पर्श गरिराखेको हुन्छ । काखमा वसेकी विघ्नेश्वरी नामकी द्विभुजायुक्त ती देवी सवै किसिमका गहनाहरू लाएकी हुन्छिन् । ग्रन्थहरूमा वर्णित वर्णन औ खास मूर्तिहरूमा देखिएका उच्छिष्ट गणपतिका आकृतिहरूमा यथेष्ट मात्रामा भिन्नताहरू पाइएका छन् । तर, विशेषतः प्रस्तुत गणेशका मूर्तिहरूमा एकजना नग्नदेवी तिनको काखमा अवश्य हुनु पर्दछ । गणेशका हातहरूले पाश, अंकुश तथा लड्डु समातिराखेका हुन्छन् औ बाँकी हातले काखमा वसेकी देवीको चाकनिर अंगालो मारेको हुन्छ । सम्भवतः गणेशका हातको वदलो शुंडले देवीको गुह्य भागमा स्पर्श गर्ने हुन्छन् । काखमा वसेकी देवी पनि एक हातले पद्म पुष्प समाती दोश्रोले गणेशको गुह्य भागमा छोइराखेकी हुन्छिन् ।

(ग) महागणपति– रातो वर्णका यी गणपतिका दश भुजा हुन्छन् जसले पद्मपुष्प, अनार, रत्नादि जडित कलश, गदा, भाँचेको दन्त, ऊखु, धान को वोट तथा पाशहरू धारणा गरेका हुन्छन् । यिनका काखमा वसेकी देवी श्वेत वर्णका छन् औ तिनले कमल समातेको हुन्छ ।

(घ) ऊर्ध्वगणपति–सुवर्ण वर्णका षडभुजा यी गणपतिका पाँचहरूले कह्लार पुष्प, धानको वोट, ऊखु निर्मित धनु, वाण तथा दन्त समातिराखेका हुन्छन् औ बाँकी एक हात आफ्नी शक्तिको चाकनिर स्पर्श गरिराखेको हुन्छ । देवी विजुलीको जस्तो वर्णकी छिन् ।

(ङ) पिङ्गल गणपति– षडभुजा यी गणपतिले आँप, कल्पवृक्षका फलको झुप्पा ऊखु, तिलको वोट, मोदक तथा परशु समातिराखेको हुन्छ । यिनको समीपमा लक्ष्मी वस्तछिन् ।

विघ्नेश्वर प्रतिष्ठा विधि ग्रन्थ अनुसार अस्ताउन लागेको सूर्यको जस्तो रातो वर्णयुक्त डरलाग्दो आकृतिका शक्ति गणपति हरित वर्णका शक्ति संगै पद्मासनमा अवस्थित हुन्छन् । गणेशले शक्तिको कम्मरमा अंगालो मारिराखेको हुन्छ । तर, गणेश र शक्तिका चाकहरू एक दोश्रोसित स्पर्श गरेका हुदैनन् । गणेशले पाश तथा वज्र समातेको हुन्छ ।(५५) मन्त्र महार्णव ग्रन्थ अनुसार शक्ति गणेशले दन्त, अंकुश, पाश, अक्षमाला समातिराखेको हुन्छ औ शुंडले मोदक समातेको हुन्छ । गणेशको संगै गहनाहरू लाएको

देवी वस्तछिन् । देवीले सुन जडेको लुगा लगाएको हुन्छ । (५६) वृहत्संहिता ग्रन्थ अनुसार, गजमुख, प्रलम्बजठर औ एक दन्त युक्त गणेश हातमा फरश, मूलक कन्द, तथा नील दल कन्द धारण गर्दछन् ।(५७)

उपर्युक्त विभिन्न वर्णनहरूबाट गणपतिको आराधनाको प्रारूप वैदिक काल देखिनै भइसकेको कुरा सिद्ध हुन्छ । तर, गणपतिको पूजा उपासनाको व्यापक प्रचार गुप्तकाल अर्थात् उत्तर प्राचीनकालदेखि भएको थियो । पद्मपुराणमा गाणपत्य सहित पञ्च सम्प्रदायको वर्णन गरिएबाट उक्त कुरोको पुष्टि हुन्छ ।(५८) पञ्च सम्प्रदायको पूजा उपासना अद्यापि यहाँ प्रचलित नै छ । नेपाल संवत् ८१४ को चाङ्गुको अभिलेखमा पञ्च सम्प्रदायको उल्लेख पाइएको छ ।(५९) यसको अतिरिक्त कुनै पनि याज्ञिक आदि कार्यहरू गरिनु भन्दा पहिले गणेशको पूजा गरिनु पर्ने विधान छ । यी आधारहरूबाट गणेशको पूजा उपासनाको बहुलता स्पष्टिन्छ । अनि गणेश विभिन्न धार्मिक सम्प्रदायहरूको बीच एकताको प्रतिमूर्ति रही राष्ट्रिय सांस्कृतिक एकताको प्रतीक छ । अस्तु ।

# टिप्पणी

1. T. A. G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, 1968 A. C., P. 45.
2. T.A G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, 1968 A. C., P. 61,62, 40-41, 42-44
३. स्वस्थानी
४. "गणानां त्वा गणपतिं हवामहे कविं कवीनाम् उपमश्रवस्तमम् ।
   ज्येष्ठराजं ब्रह्मणां ब्रह्मणस्पत आ नः श्रृण्वन्नूतिभिः सीद सादनम् ॥
   –ऋ. २।२३।१
   "नि षु सीद गणपते गणेषु त्वाम् आहुर् विप्रतमं कवीनाम् ।
   न ऋते त्वत् क्रियते किं चनारे महाम् अर्कं मघवञ् चित्रम् अर्चे ॥"
   –ऋ. १०।११२।९
   A.C. Bose: The Call of the Vedas, Bharatiya Vidya Bhavan, Bombay, 1960 A. C., P. 119-120
5. J. N. Banerjea: Development of Hindu Iconography, 1941 A.C., P. 84
6. R. C. Majumdar: The Age of Imperial Unity, Bharatiya Vidya Bhavan, Bombay, 1953, P. 433
7. T.A.G. Rao: Elements of Hindu Iconogragpy, Vol. 1 Part 1, P. 35-36
8. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 40-41
◆ इंडियन एन्टीक्वेरी भाग १, पृ. २८८; वासुदेव उपाध्याय: प्राचीन भारतीय अभिलेखोंका अध्ययन, ई. सन् १९६१, पृ. १३७
9. T.A.G. Rao:, Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 41
10. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 41-44
11. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 1, Part 1, P. 36-38
12. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 2 Part 1, P. 1**, Plate XLV, Fig. 1

13. T.A G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 45-46

14. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 44-45

१५. स्वस्थानी; नेपाल महात्म्य; हरिराम जोशी: उत्तर प्राचीन कालीन मुद्रा, वि. सं २०३३, पृ. १४०

16. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 2. Part 1, P. 212-213;

हरि राम जोशी: उत्तर प्राचीन कालीन मुद्रा, वि. सं. २०३३; पृ. १४०

17. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 46-47

18. T.A.G. Rao; Elements of Hindu Iconography. Vol. 1 Part 1, P. 47

19. T.A.G. Rao; Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 47

२०. "आसन्नैः सह कार्याणि पश्येत् अनासन्नैः सह पत्र-संप्रेषणेन मन्त्रयेत ||५९||

इन्द्रस्य हि मन्त्रिपरिषदृषीणां सहस्त्रम् ||६०||
स तच्चक्षुः ||६१||
तस्मादिमं द्वचक्षं सहस्राक्षमाहुः ||६२||

–कौटलीय अर्थशास्त्र, अधि. १ अध्याय १५

कौटलीय अर्थशास्त्र, मेहरचन्द्र लक्ष्मणदास, अध्यक्ष संस्कृत पुस्तकालय, लाहौर, ई. सन् १९२५, पृ. ५३

21. R. C. Majumdar: The Age of Imperial Unity, 1953 A.C.; P. 469

22. R C. Majumdar: The Classical Age, 1962 A. C., P. 449.

23.

24. R.C. Majumdar; The Classical Age, 1962 A.C., P. 449

25. R. C. Majumdar: The Classical Age, 1962 A. C., P. 449

26. D.C. Sircar: Select Inscriptions, University of Calcutta, 1965 A. C., P. 161;

J. N. Banerjea: Development of Hindu Iconography, 1941 A.C., P. 138

२७. "गनेशो लोकशम्भुश्च लोकपालो महाभुजः ।
महाभागो महाशूली महादंष्ट्री महेश्वरः ||"

–रामायण, छैठौं काण्ड

J. N. Banerjea: Development of Hindu Iconography, 1941 A C., P. 138

२८. 'शिवको किरातार्जुनीय मूर्तिको चारै हातमा क्रमशः धनुष, वाण, परशु र मृग हुनु आवश्यक छ ।

हरिराम जोशी: उत्तर प्राचीन कालीन मुद्रा, पृ.१४३; T.A.G. Rao: Ele. of Hindu Icon., Vol. 2 Part 2, P. 111

पेरिय पुराण ग्रन्थमा शिवले विराट रूप लिई वाणद्वारा अमृत घट फुटालेको कुराको वर्णन छ ।

हरिराम जोशी: उत्तर प्राचीन कालीन मुद्रा, पृ. १४३;

J. H. Dave; Immortal India, Vol. 2, P. 124-125

चम्पाको एक अभिलेखमा शिवको त्रिपुरान्तक मूर्तिमा शिवका प्रहरणका रूपमा धनुष, वाण, आदि हुने कुरा वर्णित छन् ।

'सावित्रीज्यासनाथ प्रणवदृढ धनुर्मुक्तत्राणारिवाणं (७)
कृत्वा सोमोरुपुङ्खं स्फुरदनलमुखं सारथीडाविरिन्चम् ।
अष्टार्द्धं ब्रह्मधुर्य्यं सकलसुरमयस्यन्दनं विष्टपानां (८)
शाम्त्यर्थं येन दाहो युगपदपि पुरा त्रैपुराणां पुराणां ||"

- चम्पाको अभिलेख, सातौं शताब्दी ई.

हरिराम जोशी: उत्तर प्राचीन कालीन मुद्रा, पृ.१४४; R. C. Majumdar: Champa, 1927 A. C., P. 32

गोपिनाथ रावले त्रिपुरान्तक मूर्तिको एक चित्र प्रकाशित गरेको छ जसमा शिवको हातमा धनुष, वाण, स्पष्ट रूपले देखिन्छ ।

T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 2 Part 1, P. 170, Plate XXXVIII

ऋग्वेदमा रुद्रलाई धनुष धारण गर्नेको रूपमा वर्णित छ ।

"इमा रुद्राय स्थिरधन्वने गिर: क्षिप्रेषबे देवाय स्वधान्वे ।

अषाहलाय सहमानाय वेधसे तिग्मायुधाय भरता श्रृणोतु न: ॥"

—ऋ. ७।४६

हरिराम जोशी: उत्तर प्राचीन कालीन मुद्रा, पृ. १८२; राहुल सांकृत्यायन: ऋग्वेदिक आर्य, ई. सन् १९५७, पृ. ४९० रुद्रलाई धनुर्धर नामले अभिहित गरिएको अथर्व वेद १।२८ मा स्पष्ट पाइन्छ । शतपथ ब्राह्मण ९।१।१।१ यिनको लागि धनुष, वाण, गदा आदिको निर्देश गर्दछ ।

हरिराम जोशी: उत्तर प्राचीन कालीन मुद्रा, पृ. १४३

R.C. Majumdar: The age of Imperial Unity, P. 469

३०. नवभारत टाइम्स (दैनिक)–२ नबम्बर १९७५

३१. " "

३२. " "

३३. " "

३४. " "

35. R. C. Majumdar: The Classical Age, P. 450

36. " " "

37. " " ";

नवभारत टाइम्स–२ नवम्बर १९७५

38. R. C. Majumdar: The Classical Age, P. 450

नवभारत टाइम्स–२ नम्वर १९७५

३९. नवभारत टाइम्स–२ नवम्बर १९७५

40. R. C. Majumdar: The Classical Age, P. 450

41. The Sunday Standard (Daily)- 6 July 1975

४२. नवभारत टाइम्स–२ नवम्बर १९७५

४३. " "

४४. " "

45. T.A G. Rao: Elements of Hindu Iconography, Vol. I Part I, P. 64, Plate XI Fig. 1

46. T. A. G. Rao: Elements of Hindu Iconography, Vol. 1 Part 1, P. 64-65, Plate XI Fig 2

47. T. A. G Rao: Elements of Hindu Iconography, Vol. 1, Part 1, P. 65, Plate XII

48. T. A. G. Rao: Elements of Hindu Iconography, Vol. 1, Part 1, P. 65-66, Plate XIII

49. T.A G. Rao: Elements of Hindu Iconography, Vol. I, Part I, P. 66, Plate XV

50. T.A G. Rao: Elements of Hindu Iconography, Vol. 1, Part 1, P 65-67. Plate XVI

५१. महाकवि अश्वघोष: बुद्ध चरितम्

52. Dr. N. R. Banerjea; Nepalese Arts, H.M.G Dept. of Archaeology. 1966 A. C, Plate XIII, Fig B

53 CPMDN, II, P. 69; Dr. D. R. Regmi: Medieval Nepal, Part 1, 1965 A.C., P. 624

54. T A.G. Rao; Elements of Hindu Iconography, Vol. 1, Part 1, P. 51-61

55. T.A.G. Rao; Elements of Hindu Iconography, Vol. I, Part 1, P. 56

56. T.A.G. Rao: Elements of Hindu Iconography, Vol. 1, Part 1, P. 56-57

५७. "प्रमथाधिपो गजमुख: प्रलम्बजठर: कुठारधारी स्यात् ।
एकविषाणो बिभ्र मूलककन्द सुनीलदलकन्दम् ॥५८॥"

—बृहत्संहिता, अ. ५९

वराहमिहिरः बृहत्संहिता

५८. "सौराश्च शैव गाणेशा वैष्णावाः शक्तिपूजकाः ।
मामेव ते प्रपवन्ते वर्षाम्भः सागरं यथा ॥
एकोऽहं पञ्चधा भिन्नः क्रीडार्थं भुवनेऽखिले ॥"

—पद्मपुराण

हरिराम जोशीः नेपालको प्राचीन अभिलेख, ने. रा. प्र., प्र., २०३०, पृ. १८५

५९. "शैवाः शम्भुधिया गणेशपथगा विघ्नेशबुद्ध्या पुनः,
सौराः सूर्य्यधिया च वैष्णावगणा गोविन्द बुद्ध्यापि च ।
शाक्ताः (शक्तिधिया भजन्ति स) ततं यं सर्वदेवेश्वरं,
स श्रीमान् श्रियमातनोतु भजनां सर्व्वातिरिक्तो हरिः॥७॥"

—चाङ्गुको अभिलेख, नेपाल संवत् ८१४

हरिराम जोशीः नेपालको प्राचीन अभिलेख, ने. रा. प्र.प्र., पृ. १८५